## मिति २०७९/०८/२९ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु (बैठक नं. ५)

**प्रस्तावहरु**

(क) विभिन्न कार्यविधि पारीत गर्ने सम्बन्धमा,
(ख) धिरेन्द्र चौधरीको सेवा सुबिधा भुक्तानी सम्बन्धमा,
(ग) विभिन्न योजनामा बजेट बिनियोजन सम्बन्धमा,
(घ) मतदाता शिक्षा कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा,
(ङ) संथागत विद्यालयको शुल्क निर्धारण सम्बन्धमा,
(च) विद्यालयका शिक्षक तथा कर्मचारीको तलब भत्ता रकम विद्यालयको खातामा जम्मा गर्ने सम्बन्धमा,
(छ) भूउपयोग वर्गिकरण गर्दा लाग्ने राजस्व सम्बन्धमा ।

**निर्णय नं. १**

नगर कार्यपालिकाको कार्यालयबाट विभिन्न कार्यविधिहरु तयार गरी विधेयक समितमा पेश भई उक्त समितिबाट पारित गरी यस कार्यपालिकामा पेश भएका तपसिल बमोजिमका कार्यविधिहरुमा दफावार छलफल भई केही संशोधन सहीत पारित गर्ने निर्णय गरियो ।

- खैरहनी नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९
- विपन्न परिवार तथा लक्षित समुह स्वास्थ्य विमा कार्यक्रम कार्यविधि २०७९
- बा आमा स्वास्थ्य कार्यक्रम कार्यविधि २०७९

**निर्णय नं. २**

यस नगरपालिकामा गाभिएको साविक खैरहनी गा.वि.स. देखी नै अस्थायी रुपमा कार्य गरी मिति २०७९/४/८ गतेबाट लागु हुने गरी अवकाश हुनु भएका असिष्टेन्ट सब ईन्जिनियर श्री धिरेन्द्र कुमार चौधरीलाई निजले स्थानीय तहमा लामो समय सेवा गरी पुर्याउनु भएको सहयोगको कदर गर्दै नगरपालिकाको तर्फबाट आर्थिक सहयोग स्वरुप एकमुष्ठ रु. १,३५,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालिकाका तपसिल बमोजिमका योजना तथा कार्यक्रममा तपसिल बमोजिमको रकम बिनियोजन गर्ने निर्णय गरियो ।

**नगरस्तरीय पूर्वाधार विकास कार्यक्रमबाट बिनियोजन हुने शिर्षकहरु** :

- खैरहनी नगरपालिका वडा नं. ६ मा रहेको साविक कृषि सेवा केन्द्र रहेको जग्गामा यस नगरपालिकाका दमकल चालकहरु बस्ने कोठा निर्माण गर्नको लागि बजेट बिनियोजन रु. ६,८०,०००।–
- वडा नं. २ र ४ मा रहेका उद्योगहरुमा जाने बाटोको २ वटा घुम्तीमा ढलानको साथै २ र ४ सिमाना देखी शिवालय चोकसम्म सडक निर्माणको लागि बजेट बिनियोजन रु. ६४,००,०००।–
- वडा नं. १ को सटर अगाडिको नाला निर्माणको लागि बजेट बिनियोजन रु.६,८५,०००।–

  सामाजिक विकास समिति शिर्षकबाट बिनियोजन भएको रकमबाट
- आधारभुत विद्यालय कुनाघारीको मुल गेट निर्माण तथा भवन मर्मतको लागि जिल्ला समन्वय समितिले नगद मौज्जदात कोषबाट केही रकम उपलब्ध गराएको र केही रकम स्थानीय तहले व्यहोर्नु पर्ने भएकोले जिल्ला समन्वय समितिले उपलब्ध गराई बाँकी रहेको रकम भुक्तानीको लागि बजेट बिनियोजन रु.२,६१,०००।–

**विविध शिर्षकबाट रकम बिनियोजन हुने शिर्षकहरु**

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ को लागि सञ्चालन हुने मतदाता शिक्षा निर्देशिका २०७९ मा मतदाता शिक्षा कार्यक्रम स्थानीय तहले सञ्चालन गर्ने र सो कार्यक्रम सञ्चालनको लागि लाग्ने खर्च स्थानीय तहले व्यहोर्ने व्यवस्था रहेकोले यस नगरपालिका क्षेत्रमा सञ्चालन गरिएको मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि लागेको खर्च रकम रु. २,३७,८००।– खर्च लेखी भुक्तानी गर्ने व्यवस्थाको लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ४**

यस नगरपालिकाले केही समय अगाडि देखी नगर भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको मासिक तलव भत्ता विद्यालयले पेश गर्ने त्रैमासिक माग फाराम र मासिक रुपमा पेश हुने हाजिरी विवरणको आधारमा सिधै विद्यालयका शिक्षक तथा कर्मचारीहरुको खातामा जम्मा गरी दिने व्यवस्था गरेको थियो । शिक्षा विभागबाट प्रकाशन भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ मा शिक्षक कर्मचारीलाई उपलव्ध गराउने तलव भत्ता लगायतका सुविधा हिसाव गरी विद्यालयको खातामा निकासा पठाउने भनि उल्लेख भएको, हाल शिक्षा शाखामा मौजुदा जनशक्तिबाट कार्यक्रमलाई निरन्तरता दिन समस्या परेको, यसरी सिधै रकम जम्मा गर्दा कर्मचारि संचयकोष तथा नागरिक लगानी कोष दाखिलामा समेत समस्या देखिएकोले विद्यालयले पेश गरेको त्रैमासिक मागफाराम र मासिक हाँजिरी विवरणको आधारमा २०७९ पौष महिना देखिको शिक्षक कर्मचारीहरुको तलव भत्ता लगायतका सुविधा नगरपालिकाबाट विद्यालयको खातामा एकमुष्ठ जम्मा हुने गरी निकासा पठाउने र निकासा प्राप्त गरेपछी शिक्षकले पाउने तलव भत्ता लगाएतका सुविधा हिसाव गरी शिक्षकको व्यक्तिगत खातामा विद्यालयबाटै उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५**

संस्थागत विद्यालयले विद्यार्थीहरुबाट लिने शुल्क २०७६ श्रावण महिनामा वृद्धि भएपछी नगरपालिकाको तर्फबाट शुल्क वृद्धिको सम्बन्धमा हाल सम्म कुनै पनि निर्णय नभएको, प्रत्येक ३ वर्षमा शुल्क वृद्धि गर्न पाउने प्रावधान अनुसार विद्यालयहरुबाट शुल्क वृद्धि गरी पाउँ भनि २०७८ पौष महिनामा शुल्क वृद्धि मागफाराम नगरपालिकमा पेश हुन आएकोले सो सम्वन्धमा आवश्यक राय सुझाव पेश गर्न नगर शिक्षा समितिको मिति २०७९।०३।१४ को निर्णयबाट नगर शिक्षा अधिकारीको संयोजकत्वमा ५ सदस्य संस्थागत विद्यालयको वर्गीकरण र शुल्क अनुगमन सुझाव समिति गठन भई उक्त समितिले सरोकारवाला विभिन्न पक्षाहरु संग छलफल र अन्तर्क्रिया गरी २३.३ प्रतिशत शुल्क वृद्धिको सिफारीश गरेकोमा मिति २०७९/७/२८ गते बसेको नगर शिक्षा समितिको निर्णय अनुसार विद्यालयले लिदै आएको मासिक पढाइ शुल्क र कुल २ महिनाको पढाइ शुल्कमा नवढने गरी लिइने बार्षिक शुल्क तथा विद्यालयमा पहिलोपटक भर्ना हुँदा एक पटकको लागि लिइने भर्ना शुल्कलाई सोही नियमावलीको अनसूचि - २२ मा उल्लेखित प्रावधान अनुसार "ग" श्रेणीको विद्यालयलाई आधारभूत सुविधायुक्त विद्यालय मानि हाल विद्यालयले लिदै आएको शुल्कमा मिति २०७९ मंसिर १ गते देखि लागू हुने गरी २० प्रतिशत वृद्धि गर्न नगर शिक्षा समितिले सिफारिश गरेकोले संस्थागत विद्यालयले विद्यार्थीहरुबाट लिने शुल्कमा मिति २०७९ मंसिर १ गते देखि लागू हुने गरी २० प्रतिशत वृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकाको एघारौं नगरसभाको निर्णय नं. ८ मा नगरसभा नबसेको अवस्थामा नगरसभाले गर्ने कार्य गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरेको र स्थानीय भूउपयोग परिषद्ले जग्गाको वर्गिकरण गरी सकेकोले उक्त जग्गा बिक्री तथा कित्ताकाटको लागि सिफारिश माग भएमा मालपोत कार्यालय तथा नापी कार्यालयमा वर्गिकरण सिफारिश गर्दा सोही जग्गाको मालपोत प्रयोजनको लागि निर्धारण भएको न्यूनतम मूल्याङ्कन रकमका आधारमा निम्नानुसारको पूर्वाधार विकास शुल्क असुल गर्ने निर्णय गरियो ।

(क) पुरै कित्ता जग्गा बिक्री हुने भएमा – ०.२ प्रतिशत
(ख) नामसारी हुने कित्ता जग्गाको लागि – कुनै शुल्क नलिने
(ग) बकसपत्र पारित गर्दा बाहिरको भएमा – ०.२ प्रतिशत
(घ) बकसपत्र पारित गर्दा तिन पुस्ता भित्रको भएमा – कुनै शुल्क नलिने
(ग) दृष्टि बन्धक पारित गर्दा – ०.१ प्रतिशत
(ङ) आफ्नो जग्गालाई सार्वजनिक बाटो कायम गर्दा – कुनै शुल्क नलिने
(च) पूर्जाको प्रतिलिपि दिदा – कुनै शुल्क नलिने
(छ) अदालतको फैसला बमोजिम दा.खा. गर्दा – कुनै शुल्क नलिने
(ज) विविध विषयमा संशोधन गर्दा – कुनै शुल्क नलिने

(झ) मिति २०७९/०६/३० गतेको निर्णय र माथि उल्लेखित विषय बाहेक अन्य कार्यको लागि वर्गीकरण सिफारिश गर्दा – ०.१ प्रतिशत

मिति २०७९/०६/३० गतेको निर्णय र माथि विभिन्न खण्डमा जुन सुकै कुरा लेखिएको भएतापनि पूर्वाधार विकास शुल्क नलिने भनी उल्लेख भएका सिफारिशमा नगरसभाले तोकेको सामान्य सिफारिश शुल्क लिन बाधा पर्ने छैन ।